# काठमाडौं महानगरपालिका
# यें महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल


पत्र संख्याः- २०८०/०८१ (शिक्षा विभाग)

चलानी नं.:- १३६३

मिति ...२०८०/१२/०२......

विषय : उत्तरपूस्तिका परीक्षण तथा नतिजा सम्बन्धमा ।

श्री कक्षा ८ सञ्चालित सम्पूर्ण विद्यालयहरु,
काठमाडौं महानगरपालिका।

शैक्षिक सत्र २०८० को काठमाडौं महानगरपालिकास्तरीय आधारभूत तह (कक्षा - ८) उत्तीर्ण परीक्षाका सम्बन्धमा तपसिलका निर्देशनहरु पालना गर्नु/गराउनु हुन आधारभूत तह उत्तीर्ण परीक्षा समितिको निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. प्रत्येक दिन परीक्षा समापन भएपश्चात विद्यालयको इमेल र सफ्टवेयरमा सम्बन्धित विषयको उत्तरकुञ्जिका पठाइने भएकाले सम्बन्धित विषयको परीक्षा सम्पन्न भएको मितिले ५ (पाँच) दिनभित्र उत्तरपुस्तिकाहरु उत्तरकुञ्जिकाका आधारमा परीक्षण गरी विद्यालयले kmcdoe.gigaerp.com सफ्टवेयरमा इन्ट्रि गरी अधिकतम र न्यूनतम अङ्क हासिल गर्ने प्रत्येक विषयका ३/३ प्रति उत्तर पूस्तिकाहरु शिलबन्दी गरी सम्बन्धित स्रोतकेन्द्रमा पेश गर्ने,
२. स्रोतकेन्द्रहरुमा उत्तरपूस्तिकाहरु सम्परीक्षण भएपश्चात मिति २०८०/१२/१६ गतेसम्ममा विद्यालयले स्रोतकेन्द्रबाट उत्तरपूस्तिकाहरु फिर्ता लगी अङ्क परिमार्जन भएमा सो अङ्क सफ्टवेयरमा इन्ट्रि गर्ने,
३. नतिजा प्रकाशन मिति २०८०/१२/२० गते महानगरपालिकाबाट kmcdoe.gigaerp.com मार्फत प्रकाशन हुने ।

सरस्वती पोखरेल
नि. विभागीय प्रमुख